

हरेक वर्ष असोज १ गते मनाइने विश्वकर्मा पूजाका लागि सप्तरीको राजविराज बजारमा बिक्री गर्न राखिएको विश्वकर्माको तस्विर र पूजा सामाग्रीहरु। तस्विर : रासस

# दुई वर्षदेखि 'बर्थिङ सेन्टर' बन्द

पाँचथर । पाँचथरको फिदिम नगरपालिका-६ को सिवा स्वास्थ्यचौकीमा रहेको 'बर्थिङ सेन्टर' विगत दुई वर्षदेखि बन्द हुँदा सेवाग्राही समस्यामा परेका छन् । दरबन्दीअनुसारका स्वास्थ्यकर्मी गाउँमा नबस्ने तथा सेन्टरमा खटिने स्वास्थ्यकर्मीका लागि आवासको व्यवस्था नहुँदा बन्द भएको हो । उक्त स्वास्थ्यचौकीमा चार वर्षअघि सेन्टर स्थापना गरिइएको थियो । अहिले प्रसूति हुने सबैलाई सदरमुकाम फिदिम पुऱ्याउनुपर्ने बाध्यता रहेको स्थानीयवासीले गुनासो गरेका छन्।

"गाउँको बर्थिङ सेन्टर बन्द हुँदा रातारात सदरमुकाम पुग्नुपर्ने, होटलमा खाने बस्ने प्रबन्ध गर्नुपर्दा धेरै खर्च हुने समस्या छ', स्थानीयवासी तिलक तुम्ब्रोक भन्नुभयो,"यसले कमजोर आर्थिक अवस्थाका स्थानीयवासीलाई समस्या पारेको छ।' बर्थिङ सेन्टर सञ्चालनमा ल्याउन आफूहरुले निरन्तर आवाज गर्दै आएको भए पनि सेवा सञ्चालन हुन नसकेको स्थानीयवासीको गुनासो छ।

यस्तै स्थानीयवासीले यहाँको बर्थिङ सेन्टरलाई अन्यत्र सार्न खोजिएको सुनिएको जनाउँदै विरोध जनाएका छन् । उनीहरुले जिल्लाका अन्य स्थानीय तहहरुले गाउँ-गाउँमा बर्थिङ सेन्टर स्थापना गरिरहँदा सदरमुकामसमेत रहेको फिदिम नगरपालिका भने दुई वर्षदेखि सेन्टर बन्द हुँदा चुपचाप बसेको गुनासो गरे ।

स्वास्थ्यचौकी व्यवस्थापन समितिका अध्यक्ष हरिलाल तुम्ब्रोक भने स्वास्थ्यचौकीको भवन निर्माण गरी स्वास्थ्यकर्मी बस्ने प्रबन्ध नभएसम्म बर्थिङ सेन्टर सञ्चालन गर्न कठिन भएको बताउनुहुन्छ । "स्वास्थ्यचौकीलाई भवन अभाव भएकाले नयाँ भवन बनाई अहिलेको भवनलाई आवासका रूपमा प्रयोग गर्नुपर्छ भनेर नगरपालिकासँग माग गर्दै आएका छौँ', उहाँले भन्नुभयो, "तर नगरपालिकाबाट अहिलेसम्म कुनै पनि बजेट परेको छैन ।' बर्थिङ सेन्टरको सेवा बन्द भएपछि दरबन्दीमा आएका स्वास्थ्यकर्मीसमेत आवासको समस्या देखेर दुई साता नबित्दै काज सरुवा गरी गएको उहाँले बताउनुभयो।

फिदिम-६ का वडाध्यक्ष जरमान तुम्ब्रोकका अनुसार 'वान हर्ट' नामक संस्थाको सहयोगमा चार वर्षअघि बर्थिङ सेन्टर स्थापना गरिएको थियो । जनशक्ति अभाव हुँदा बर्थिङ सेन्टरबाट 'भनेजस्तो' सेवा प्रवाह हुन नसकेको तुम्ब्रोकको भनाइ छ । "दरबन्दीअनुसारका जनशक्ति पठाइदिन फिदिम नगरपालिकालाई भन्दै आएको छु', उहाँले भन्नुभयो, "अस्ति विज्ञापन पनि भइसकेको छ। नगरपालिकाले परीक्षा गराएर पठाउने भनेको छ । त्यसपछि समस्या समाधान होला कि ।'

सिवा स्वास्थ्यचौकीका प्रमुख हेल्थ असिस्टेण्ट ओमप्रकाश यादवका अनुसार बर्थिङ सेन्टर सञ्चालनमा आएपछि स्वास्थ्यकर्मी २४सै घण्टा काममा खटिनुपर्छ । स्वास्थ्यचौकी वा नजिकै आवासको व्यवस्था नहुँदा रातको समयमा स्वास्थ्यकर्मीले सेवा दिन सक्दैनन् । "यहाँ स्वास्थ्यकर्मी खटाएपछि आवासको पनि व्यवस्था भएमात्रै सहजरूपमा सेवा प्रवाह गर्न सकिन्छ', उहाँले भन्नुभयो, "अहिले स्वास्थ्यचौकीलाई नै भवन कम भइरहेको छ। नयाँ भवन बने सहज हुन्थ्यो भन्ने हाम्रो कुरा हो ।'

उक्त स्वास्थ्यचौकीमा एसडिए तालिमप्राप्त एक अनमी र एक अहेब पद रित्त छ । एसडिए तालिमप्राप्त एक अनमी यहाँ कार्यरत रहे पनि प्रसूति सेवा पुनः सञ्चालनमा ल्याएपछि उनी एक्लैले सेवालाई निरन्तरता दिन नसक्ने प्रमुख यादवले बताउनुभयो । उहाँका अनुसार फिदिम नगरपालिका-६ सिवामा मासिक सरदर १३-१४ जना सुत्केरी हुने गर्दछन् । उनीहरु सबै फिदिम पुगेर प्रसूति सेवा लिन बाध्य छन् ।रासस

# कोरोनाले बढ्यो आयुर्वेदिक औषधिको माग

गोरखा । जिल्लामा पछिल्लो समय आयुर्वेदिक औषधिको बिक्रीवितरण बढ्न थालेको छ। कोरोना महामारीसँगै आयुर्वेदिक औषधि र औषधिजन्य उत्पादनको प्रयोग गर्ने क्रम बढदै जाँदा यसको बिक्री पनि बढ्न थालेको हो। जिल्लामा सञ्चालित पुरानो गोरखा आयुर्वेद कम्पनीले अघिल्लो आर्थिक वर्षको तुलनामा गएको आव २०७७/७८ मा झण्डै रु छ करोडभन्दा बढी आयुर्वेदिक उत्पादनको बिक्री वितरण गरेको छ।

महामारी कारण देशभरका अधिकांश उद्योगधन्दा, पेशा-व्यवसाय प्रभावित भइरहेका बेलामा सो कम्पनी अहिलेसम्मकै धेरै उत्पादन बिक्री गर्न सफल भएको कम्पनीका उत्पादन अधिकृत अर्जुन अर्यालले जानकारी दिनुभयो। "गत आवमा करिब रु २१ करोड बराबरको उत्पादन बिक्री भयो', उहाँले भन्नुभयो, "अघिल्लो आवमा जम्मा रु १५ करोडको कारोबार कम्पनीले गरेको थियो।'

कोरोनाका समयमा आयुर्वेद कम्पनीले उत्पादन गरेको विभिन्न प्रकारका औषधि र औषधिजन्य वस्तुको माग बढी भएकाले पनि अघिल्लो वर्षको तुलनामा कारोबार बढी भएको उहाँको भनाइ छ। कोरोना महामारीसँगै कम्पनीले रोग प्रतिरोधात्मक क्षमता बढाउने विभिन्न औषधि उत्पादन गर्दै आएको कम्पनीले जनाएको छ।

कम्पनीले इमुनो केयर सिरप, इमुनो केयर ट्याबलेट, इमुनो केयर किट र इमुनो केयर क्वाथलगायतका औषधिको उत्पादन गर्दै आएको उहाँले जानकारी दिनुभयो । अहिले ती औषधिको नेपाली बजारमा अत्यधिक माग रहेको कम्पनीले जनाएको छ।

यसका साथै कम्पनीले उत्पादन गरेको गुडुची चियाको पनि बजारमा अत्यधिक माग छ । तुलसी, लेमन, सिनामन, जिन्जर, पावटी, गोरखा ड्याब टी, मिन्ट र स्लिम चिया कम्पनीले उत्पादन गर्दै आएको उत्पादन अधिकृत अर्यालले जानकारी दिनुभयो। त्यसबाहेक पनि अभिपत्तीकर चुर्ण, टेन्सारिन, पिलारीन र च्याबनप्रास र शक्तिप्रास पनि बजारमा माग धेरै रहेको बताइएको छ। रासस

# साइटस ईन्भरसेज रोगीको आन्द्राको शैल्यक्रिया सफल



**टुडे समाचारदाता**

जनकपुरधाम । साईटस ईन्भर्सेस नामक रोगले पीडित एक रोगीको प्रादेशिक अस्पताल जनकपुरधाममा आईतबार सफल अपरेशन भएको छ।

समान्यतया विश्व जनसंख्याको ०.०१ प्रतिशत व्यक्तिमा मात्रै देखापर्ने रोग हो 'साईटस ईन्भर्सस' । अर्थात प्रत्येक १० हजार जनामा एक जनामा यो रोग देखा पर्ने गरेको अपरेशन गर्न सफल चिकित्सक डा.प्रमोद कुमार यादवले जानकारी दिए । यो रोग लागेका व्यक्तिको देब्रे तर्फ हुनु पर्ने ह्दय दाहिने तर्फ दाहिने तर्फ हुनु पर्ने अंगहरु देव्रे तर्फ रहने गरेको छ । यसै रोगबाट पिडित धनुषा जिल्लाको लक्ष्मिनिया नगरपालिका-५ बनिनिया निवासी ५५ वर्षिय रामसेवक यादवलाई दुई दिन पुर्व दिशा पिशाब बन्द भएर आन्द्रामा समस्या देखिएको थियो।

उपचार गर्दै जाँदा यादव साईटस ईन्भर्ससले पीडित रहेको र सानो आन्द्रा चेपिएर सुक्न लागेको अवस्थामा पुगिसकेको जाँचले देखाएपछि अपरेशन गर्नु परेको डा.यादव बताउँछन। विश्वमै रेयर र रिक्सी मानिएको यस्ता रोगीको सफल अपरेशन गर्न पाउँदा आफु गौरवान्वित महशुस गरेको डा.यादवले बताए। उनले भने -'प्रदेश-२मा यो पहिलो अपरेशन हो , र विश्वभरमै यस्ता अपरेशन अत्यन्त रिस्की मानिन्छ , आन्द्रा सुकिसकेको थियो आन्द्राको भल्भसमा भएको समस्यालाई अपरेशनबाट उपचार गर्ने प्रयास सफल भएको छ। '

काठमाण्डु , धरान , चितवन सहितका अस्पतालहरुमा यसको अपरेशन भएको नजीर भएपनि जनकपुरधाममा भने यो अपरेशन पहिलो पटक रहेको डा.यादवले भने। उनले विरामी यादवको एपेन्डिसाईटिस हुनु पर्ने स्थानबाट फरक ठाँउमा रहेकोले त्यसलाई समेत अपरेशन गरि फालिएको डा.यादवले स्पष्ट पारे।

विरामीको अवस्था अहिले सम्म सामान्य रहेको बताउँदै डा.यादवले रोगीको आर्थिक अवस्था कमजोर रहेकोले निःशुल्कमै अपरेशन गरेको समेत उल्लेख गरे । विरामी यादवको आन्द्रा सुकेर पेटबाट वायू समेत पास नहुने गरि अवस्था आएको र उनी मृत्युको मुखबाटै निस्कन सफल भएको डा.यादवले बताए।

# इन्टरनेटको मूल्य तीन सयसम्म बढाउने सेवा प्रदायकको निर्णय



**टुडे समाचारदाता**

काठमाण्डु । इन्टरनेट सेवा प्रदायकहरूले इन्टरनेटको मूल्य बढाउने निर्णय गरेका छन्।

ग्रामीण क्षेत्रमा प्रति ग्राहक मासिक एकसय ५० र सहरी क्षेत्रमा तीन सय रूपैयाँका दरले इन्टरनेटको मूल्य बढाउन नेपाल दुरसञ्चार प्राधिकरणलाई प्रस्ताव गरेको इन्टरनेट सेवा प्रदायक संघ (आइस्पान) का अध्यक्ष सुधीर पराजुलीले बताए।

'विजुलीको पोलको भाडा बढेका कारण हामीमाथि लोड थपिएको छ। हामी सेवा प्रवाह गर्नै नसक्ने अवस्थामा छौँ। तर इन्टरनेट अत्यावश्यक भइसकेकाले हामीले केही रकम बढाउन एनटिएलाई प्रस्ताव गरेका छौँ,' अध्यक्ष पराजुलीले सेतोपाटीसँग भने। सरकारले फाइबर लिजको समेत भाडा बढाउँदा आफूहरू समस्यामा परेको उनले बताए।

'चितवनमा विद्युत प्राधिकरणका कर्मचारीहरूबाट इन्टरनेट उपकरणहरू लुटिएको छ। अहिले त्यहाँको आधा क्षेत्र इन्टरनेट बिहीन छ,' उनले गुनासो गरे।

कोभिड महामारीपछि इन्टरनेटको प्रयोग बढेको तर इन्टरनेट सेवा प्रवाहमा निरन्तर अप्ठ्याराहरू थपिन थालेको उनको भनाइ छ।

'कतिपयको काम घरबाटै हुने गरेको छ। अनलाइन कक्षाका लागि इन्टरनेट नै चाहिन्छ। विद्यार्थीहरूको जाँच अनलाइनबाट भइरहेको छ। तर इन्टरनेट प्रवाहमा अवरोध गरिएको छ। सम्बन्धित सरोकारवाला कानमा तेल हालेर बसेका छन्,' उनले भने । विद्युत प्राधिकरणले इन्टरनेट सेवाप्रदायकहरूलाई प्रतिपोल प्रतिवर्ष सहरी क्षेत्रमा दुईसय पचास र ग्रामीण क्षेत्रमा ५० रूपैयाँ लिँदै आएको थियो।

परिवारको प्रश्न

# बेपत्ताको अवस्था कहिले सार्वजनिक हुन्छ ?

बाँके । बाँकेको कोहलपुर-११ कालिकानगरकी कलि दमाइका श्रीमान् अर्जुन नेपाली बेपत्ता भएको १७ वर्ष भयो । राज्य पक्षबाट २०६१ कात्तिक १५ गते बेपत्ता पारिएका कमल अझै पनि फर्कर आउँछन् कि भन्ने आशा कलिलाई छ।

सादा पोशाकमा आएका सुरक्षाकर्मीले अर्जुनलाई सामान्य सोधपुछका लागि भन्दै घरबाट लिएर गएका थिए । "आफन्तको पर्खाइमा बाँच्नु निकै कठिन हुँदोरहेछ', उहाँले भन्नुभयो,"जीवित छन् भने सास भेटेकी छैन । मरेका हुन् भने लास भेटेकी छैन। यो दोधारमा बाँच्नुभन्दा मर्नु नै वेस रहेछ', उहाँले भन्नुभयो, "बेपत्ताको अवस्था कहिले सार्वजनिक हुन्छ ?'

श्रीमान् बेपत्ता भएपछि विक्षिप्त बन्नुभएकी कलि आफैँ घाइते हुनुहुन्छ। उहाँको शरीरले राम्रोसँग काम गर्दैन। शरीरमा दायाँ हात अनि खुट्टा मुस्किलले चल्छन् । गर्भवतीमा राम्रो स्याहार नपाएपछि उहाँको हातगोडा चल्न छाडेका हुन् । पति बेपत्ता हुँदा कलि ३० वर्षकी मात्रै हुनुहुन्थ्यो । आठ वर्षीय जेठो छोरा र छ महिनाका अर्को छोरा काखमा थिए । नाबालकसहित आफन्तसँग बसेकी कलि जेनतन आफन्तकै सहारामा छोराहरुलाई हुर्काउनुभयो। "छ महिनाको काखे छोरालाई बोकेर कति भौतारिएँ, न लास पाएँ न सास', उहाँले भन्नुभयो, "हाम्रो मान्छेको अवस्था सार्वजनिक गरिदिए मात्र हुने थियो।'

छोरा हुर्किए पनि जीवन पाल्न उहाँलाई अहिले पनि सहज छैन। राज्यले पटक-पटक गरेर दिएको रु १० लाख ऋण तिर्दा सकिएको छ। जेठो छोरा अरुको पसलमा कपडा सिउने काम गर्छन्। कान्छो छोरा सरकारी विद्यालयमा पढ्दैछन् । छोराको शिक्षा र हातमुख जोर्ने विषयले उहाँ चिन्तित हुनुहुन्छ। एक जनाको कमाइले परिवार चलाउन मुस्किल छ। आँशु थाम्दै उहाँले भन्नुभयो, "कान्छो छोरा पढ्न खोज्छ। उसलाई पढाउन कापी र ड्रेस किन्न पनि मलाई गाह्रो छ।'

उहाँको जस्तै पीडा कोहलपुर-११ की देवीसरा विकको पनि छ। १९ वर्षअघि पति धनबहादुर विक बेपत्ता भए । फर्निचरको काम गर्ने पति आफैँले फर्निचर बनाउने पसल थापेका थिए। तीन छोरा र एक छोरीसँगै छ जनाको परिवार हासीखुशी अभावमा पनि रमाएका थिए। विसं २०५९ वैशाख १३ गते घरमा नेपाली सेनाका जवान आएर हाकिमले भेट्न बोलाउनुभएको छ भनेर लगे। उहाँलाई इलाका प्रहरी कार्यालय लगियो। पछि देवीसरा इलाका कार्यालयमा पतिलाई खोज्न पुग्नुभयो। इलाकाका प्रहरीले सेनालाई बुझाइयो भन्ने जवाफ दिए । यस्तै खोज्दाखोज्दै १९ वर्ष बित्यो। "के गर्ने सास रहँदासम्म आश लाग्दोर हेछ', उहाँले भन्नुभयो, "चाडबाड आउँदा घरमा मिठो-मसिनो पाक्दा झलझली सम्झना आउँछ।'

उहाँलाई धैरेले सिउँदोको सिन्दूर पुछ्न र काजकिरीया गर्न दबाब दिए। यसो नगर्दा परिवारका आफन्त पनि टाढा भए । "कतै आइहाल्नुहुन्छ कि भन्ने लाग्छ। आँखाले लास नदेख्दासम्म शिरको सिन्दुर खाली गरेकी छैन', देवीसराले भन्नुभयो।

देवीसराजस्तै नेपालगञ्ज उपमहानगर-४ की कमला पन्त कुँवर पनि तनावैमा आफ्नो जीवन बाँचिरहनुभएको छ। अठार वर्षअघि पति रुकुमसिंह कुँवर बेपत्ता भएपछि उहाँ विक्षिप्त बन्नुभयो। तत्कालीन माओवादीका कमाण्डर पति विसं २०५८ पुस ३ गते राज्यपक्षबाट पक्राउ परेका थिए। उहाँले आफ्नो पति खोज्न कुनै कसर बाँकी राख्नुभएन । "राजनीतिक अडानमा हिँडेका आफ्ना पति देशका लागि सहिद भएको उहाँको अनुभव छ। तर कतैबाट आउनुहुन्छ कि भन्ने आशा पनि हराएको छैन', कमलाले आफनो मनको अनुभूति सुनाउनुभयो, "बेला बेलामा झल्को सम्झँदा छेउमै उभिएजस्तै लाग्छ।'

पति बेपत्ता हुँदा कमला ३२ वर्षकी हुनुहुन्थ्यो । दार्चुलामा निजी स्कुल चलाएर बसेका थिए। कमलाका कान्छा छोरा एक वर्ष र जेठो छोरा आठ वर्षका थिए । छोराहरूले राम्रोसँग पढ्न पनि पाएनन्। पछि राज्यले १० वर्षको अवधिमा दिएको रु १० लाख राहत छोरा पढाउन र ऋण तिर्नमै सकियो।

उहाँहरुजस्ता धैरे पति गुमाएका महिला आफैँ पीडामा बाँचेका छन्। आफ्नै परिवारमा पनि सहज वातावरण पाएका छैनन्। कमाउने पति बेपत्ता हुँदा आर्थिक विपन्नता त छँदैछ। परिवारले समेत उनीहरुलाई भार सोचिरहेको छ। समाजले मरेको भनी धर्मअनुसार अन्तिम संस्कार गर्न कर लगाउने तर उनीहरूले नगर्ने स्थितिले सामाजिक तिरस्कारसमेत सहनुपरेको छ।

एकल हुँदा पनि उनीहरूले विधवा भत्ता पाउँदैनन् । छोराछोरीले बाबुको सोधखोज गर्दा उनीहरू थप पीडामा हुन्छन्। "छोराछोरीले बाउ खोज्दा दिने जवाफ छैन', आफैँ तीन सन्तानकी आमा चन्द्रकला उप्रेतीले गुनासो गर्नुभयो । उहाँका पति विसं २०६० मङ्सिर २३ गते राज्यपक्षबाट बेपत्ता पारिएका थिए। आर्थिक र बाबुको मायाको अभावमा तड्पएका बालबालिकाको मनमा पनि प्रतिशोध देखिएको छ। रासस


## औरही नगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
औरही, महोत्तरी

## गाडी भाडामा दिने सम्बन्धी शिलबन्दी दरभाउपत्र पेश गर्ने सूचना

**प्रथम पटक प्रकाशित मिति २०७८/०६/०१**

यस कार्यालयका लागि निम्न अनुसार विशेषता भएका बढीमा ३ वटा गाडी चालु आ.व.को लागि भाडामा लिनु पर्ने भएकोले इच्छुक गाडीधनिहरुबाट निम्न शर्तको अधिनमा रही आजका मितिबाट १५ दिन भित्र यस कार्यालयबाट रु. १०००।- मा फिर्ता नहुने गरी दस्तुर तिरी दरभाउपत्र खरिद गरी शिलबन्दी गरी पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

१. गाडी धनिहरुले आफुले दिन चाहेको मासिक गाडीभाडा अंक र अक्षरमा प्रष्ट खुलाइ भाडा कर सहितको रकम उल्लेख गरि निवेदन दिनु पर्नेछ।
२. निवेदन साथै गाडिधनिको ब्लुबुक, चालकको नागरिकता, चालकको अनुमतिपत्रको प्रतिलिपी संलग्न गर्नु पर्नेछ र कार्यालयले इन्धन प्रयोग गर्दा दुरी व्यवस्थापन गर्नु पर्ने हुंदा चालक सो लगबुक भर्न सक्ने लेखपढ गर्न जान्ने हुनु पर्नेछ।
३. गाडीमा इन्धन कार्यालयले नै व्यहोर्ने हुंदा ईन्धन वाहेकको रकम उल्लेख गर्नु पर्नेछ।
४. चालकको लागि परिश्रमीक, भत्ता, सुविधा, खाना, खाजा लगायत सम्पूर्ण खर्च गाडिधनिले नै ब्यहोर्नु पर्नेछ।
५. कार्यालयले गाडी २४ घण्टाको समयभित्रको आवश्यकता अनुसार कुनै पनि समयमा प्रयोग गर्न सक्नेछ, गाडी र चालकलाई गाडीधनिले कार्यालय नजिक हुने स्थानमा राख्ने व्यवस्था मिलाउनु पर्नेछ।
६. भाडामा लिएको गाडीको मर्मत सम्भार, सर्भिसिङ्ग गाडीधनि आफैले ब्यहोर्नु पर्नेछ।
७. भाडामा दिने गाडीको कर चुक्ता, नविकरण र सबै पक्षको बिमा गाडी धनिकै तर्फबाट भएको हुनु पर्नेछ।
८. गाडीधनिले पेश गरेको गाडीभाडा वापतको रकममा नियमानुसार १० प्रतिशत कर कट्टा गरी भुक्तानी गरिनेछ।
९. गाडी चालु अवस्थामा हुनु पर्ने र गाडी बिग्रिएको अवस्थामा गाडीभाडा भुक्तानी दिईने छैन।
१०. शिलबन्दी दरभाउपत्र यो सूचना प्रकाशित भएको मितिले १६ औं दिनको १२ बजे सम्म यस कार्यालयमा दर्ता गरिसक्नु पर्नेछ, र सोही दिनको २:०० बजे उक्त शिलबन्दी दरभाउपत्रहरु यस कार्यालयका प्रतिनिधि र गाडीधनिको रोहवरमा खोलिने छ, तर गाडीधनी प्रतिनिधि नआए पनि शिलबन्दी दरभाउपत्र खोल्न बाधा पर्ने छैन।
११. अन्य थप कुराहरु प्रचलित कानून अनुसार हुनेछ।

**गाडिको स्पेशिफिकेशन**

१. घटिमा ४ सिलेन्डर भएको।
२. सन् २०१७ भन्दा पछाडी बनेको पेट्रोल गाडी भए घटिमा ७ सिट र डिजेल गाडी भए घटीमा ९ सिट क्षमता भएको।
३. हर्स वापर- पेट्रोल गाडी भए कम्तिमा १४५० सि.सि. र डिजेल गाडी भए कम्तिमा २१५० सि.सि. क्षमता भएको।
४. फुल अफ्सन सुविधा भएको, सेतो सिल्भर कलरलाई प्राथमिकता दिईनेछ।

**नि.प्रमुख प्रशासकिय अधिकृत**